## शर्तहरु

(१) सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति:- २०८२/०३/३२ गते विहान १२:०० बजेसम्म ।

(२) सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय :- २०८२/०३/३२ गते अपरान्ह १२.०० वजे सम्म ।

(३) सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय:- २०८२/०३/३२ दिउँसो १.०० वजे ।

(४) खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेश गर्न दरभाउ पत्रदाता व्यक्ति/फर्म/कम्पनीको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) E-GP मार्फत सिलबन्दी दरभाउपत्र खरिद गर्दा यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक,फर्पिङ्ग शाखामा रहेको खाता नं.१२००१००३०१०१०००२ मा **sutrarevenue.fcgo.gov.np** मा खोली आफ्नो **ID Create** गरी राजश्व भुक्तानीमा गई (१४२२९) अन्य प्रशासनीक सेवा शुल्क शीर्षक छनौट गरि रसिद प्रिन्ट गरि बैंक दाखिला गर्न सकिनेछ तथा सिलबन्दी दरभाउपत्र दस्तुर **connect IPS** बाट सोझै जम्मा गर्न पनि सकिनेछ ।

(६) धरौटी वापत कवोल अंकको ५ प्रतिशतले हुँन आउने रकममा ५ प्रतिशत रकमको मू.अ.कर सहित थप गरि यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा ९० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य वैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) सिलबन्दी दरभाउ पत्र खरिद गर्दा कुनै प्रकारको शर्त मान्य हुनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८३ आषाढ मसान्तसम्म रहनेछ ।

(१०) ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको मिति २०८३।०५।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम व्याज समेत असुल उपर गरिनेछ । यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन,तर कबोल अंक र कबोल अंकको मू.अ.कर सहित एकमुष्ठ रकम सम्झौता अगाडी नै दाखिला गरेमा कार्य सम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन।

(११) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

(१२) सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१३) ठेक्का कबोल गर्ने सिलबन्दी दरभाउ पत्र दाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नोतर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । आम्दानीको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

(१४) म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्म/कम्पनीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन ।

(१५) स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

(१६) आ.व.२०८२।०८३ मा कवाडी सामानहरु संकलन तथा निकाशी गर्ने व्यवसायहरु संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन ।

(१७) प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता भंग गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(१८) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित सिलबन्दी दरभाउ पत्र दाताको कर्तव्य हुनेछ ।

(१९) कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(२०) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ ।

(२१) संलग्न गर्नुपर्ने कागजपत्रहरु व्यक्तिको हकमा नागरिता प्रमाण-पत्र र स्थायी लेखा नं.(PAN CARD)को प्रतिलिपि ,फर्म/संस्था/व्यवसाय/कम्पनीको हकमा फर्म/संस्था/व्यवसाय/कम्पनीको नविकरण खुल्ने दर्ता प्रमाण-पत्र,पान प्रमाण-पत्र, २०८०-०८१ को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि,कालो सूचीमा नपरेको स्व-घोषणा पत्र ।

(२२) आर्थिक ऐनमा तोकिएको दर भन्दा बढी रकम उठाउन पाइने छैन,यदि उठाइएको पाइएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गरिने छ । करका दरहरु यस नगरपालिकाबाट जारी हुने आर्थिक ऐन अनुसार हुनेछ ।

(२३) E-GP मार्फत आय ठेक्का कबोल गर्दा धरौटी रकमको सम्बन्धमा जे लेखिएता पनि स्क्यान गरिएको शर्तहरु अनुसार हुनेछ ।

(२४) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

-दक्षिणकाली नगरपालिका

# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं

बागमती प्रदेश, नेपाल

आ.व.२०८२/०८३ को लागि दक्षिणकाली नगरपालिका क्षेत्र भित्रबाट कवाडी कर संकलन गर्ने सम्बन्धी निर्धारित दररेटमा शुल्क उठाउने ठेक्का लिन चाहने संस्था/फर्म/व्यक्तिले भर्ने सिलबन्दी दरभाउपत्र फारम

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व.२०८२/८३ को लागी न्यूनतम ठेक्का रकम(मू.अ.कर वाहेक) | बोल कबोल अंकमा ( मू.अ.कर बाहेक) | बोल कवोल अंक अक्षरमा( मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२-आन्तरिक आय/२०८१/०८२ | कवाडी कर | रु.११,१६,५००/-(अक्षरुपी रु.एघार लाख सोह हजार पाँच सय ) | | | |

कबोल गरेको अंक र सोको मू.अ.कर समेतको हुन आउने जम्मा रकमको ५ % ले हुने धरौटी वापतको रकम रु ..........................................(अक्षरुपी रु..................................................................) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड फर्पिङ्ग शाखामा रहेको धरौटी खाता नं. १२००१००३०३०००००२ मा जम्मा गरी बैंक भौचर १(एक) प्रति संलग्न गरेको छु। ठेक्काको शर्तहरुबारे यस नगरपालिकाबाट मिति २०८२/०३/१८ गतेको प्रकाशित सूचनाका शर्तहरु मलाई पूर्ण जानकारी छ र सो शर्त पालना गर्न म पूर्ण मञ्जुर छु ।

<u>सिलबन्दी दरभाउ पत्र दाता फर्म वा व्यक्तिको</u>

नाम,थर -

स्थायी ठेगाना -

दस्तखत -

सम्पर्क नं.-

पान/भ्याट नं.-